# मुस्ताङ जिल्ला स्थानीय समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

स्थानीय समन्वय परिषद्, मुस्ताङ

गण्डकी प्रदेश

नेपाल

२०७७

कार्यविधि स्वीकृत मितिः २०७७।०५।

## मुस्ताङ जिल्ला स्थानीय समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

**प्रस्तावनाः**

मुस्ताङ जिल्लाका सबै स्थानीय तहहरूको बारेमा जानकारी लिने, तिनीहरूको असल अभ्यासहरूको अनुसरण गर्ने, स्थानीय विकासका लागि एकीकृत रूपमा योजना बनाउने तथा स्थानीय तहहरु बीच समन्वय, सहकार्य र सहकारिता अभिबृद्धि गर्दै पारस्परिक सहसम्बन्ध स्थापना गर्न वाञ्छनीय भएकाले,

मुस्ताङ जिल्ला स्थानीय समन्वय परिषद्को मिति २०७७।०५।.. को पहिलो बैठकले यो कार्यविधि बनाएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुस्ताङ जिल्ला स्थानीय समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" रहेकोछ ।

(२) यो कार्यविधि मुस्ताङ जिल्ला स्थानीय समन्वय परिषद्को बैठकले स्वीकृत गरेपश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(२) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(३) "गाउँपालिका" भन्नाले मुस्ताङ जिल्लाका सबै गाउँपालिकाहरू सम्झनु पर्दछ ।

(४) "स्थानीय समन्वय परिषद्" भन्नाले दफा ३ बमोजिमको स्थानीय समन्वय परिषद् सम्झनु पर्दछ ।

(५) "सचिव" भन्नाले स्थानीय समन्वय परिषद्को सचिव सम्झनु पर्दछ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको कामकाज गर्न खटिएको कर्मचारी सम्झनु पर्दछ ।

(७) "संयोजक" भन्नाले स्थानीय समन्वय परिषद्को संयोजक सम्झनु पर्दछ ।

(८) "प्रमुख" भन्नाले स्थानीय निर्देशक समितिको प्रमुख सम्झनु पर्दछ ।

(९) "स्थानीय निर्देशक समिति" भन्नाले दफा ४ बमोजिमको निर्देशक समिति सम्झनु पर्दछ ।

**३. स्थानीय समन्वय परिषद्को गठनः** (१) मुस्ताङ जिल्लाका सबै गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहेको "स्थानीय समन्वय परिषद्" नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको संयोजकमा जुन गाउँपालिकामा स्थानीय समन्वय परिषद्को बैठक हुनेगरी तय भएको हो, सोही गाउँपालिकाको अध्यक्ष रहनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवको जिम्मेवारी संयोजकको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत रहनेछ ।

(४) स्थानीय समन्वय परिषद्को बैठक आलोपालो रूपमा प्रत्येक गाउँपालिकामा गरिनेछ ।

(५) एक गाउँपालिकामा बैठक सम्पन्न भएपश्चात अर्को बैठक कुन गाउँपालिकामा गरिने तय हुनेछ । बैठक तय भएपश्चात संयोजक स्वतः सोही गाउँपालिकाको अध्यक्ष भएको मानिनेछ ।

**४. स्थानीय निर्देशक समितिः** (१) प्रत्येक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू सदस्य रहेको एक स्थानीय निर्देशक समिति रहनेछ ।

(२) स्थानीय निर्देशक समितिको प्रमुखको रुपमा स्थानीय समन्वय परिषद्को सचिव रहनेछ ।

(३) स्थानीय निर्देशक समितिको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ ।

(४) स्थानीय निर्देशक समितिको बैठकको आह्वान समितिका सबै सदस्यहरूको सहमतिमा प्रमुखले गर्नेछ ।

(५) स्थानीय निर्देशक समितिको बैठकहरू आवश्यकता अनुसार बस्नेछन् । बैठक बस्ने स्थानको तय समितिले गर्नेछ ।

**५. स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहनेछन् ।

(क) स्थानीय समन्वय परिषद्को बैठकको तयारी गर्ने ।

(ख) स्थानीय समन्वय परिषद्को बैठकका लागि प्रस्तावित प्रस्तावहरू तयार गर्ने ।

(ग) स्थानीय समन्वय परिषद्को बैठकका लागि सबै पूर्वतयारीहरू गर्ने ।

(घ) आवश्यकता अनुसार स्थानीय निर्देशक समितिले तोकेका अन्य कामहरू गर्ने ।

(२) स्थानीय निर्देशक समिति पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

**६. बैठकको आह्वान गर्ने:** (१) संयोजकले सचिवसँग समन्वय गरी स्थानीय समन्वय परिषद्को बैठकको आह्वान गर्नेछ ।

(२) बैठक आह्वान गर्दा कम्तिमा सात दिनको समय दिई सबै सदस्यहरूलाई बैठकमा उपस्थित हुन आह्वान गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम आह्वान भएको बैठकमा उपस्थितिका लागि छिटो र भरपर्दो साधनबाट सबै सदस्यहरूलाई सूचना दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्राप्त भएपछि तोकिएको मिति, समय र स्थानमा सञ्चालन हुने बैठकमा उपस्थित हुनु सबै सदस्यहरूको कर्तव्य हुनेछ ।

(५) स्थानीय समन्वय परिषद्को बैठक वर्षमा कम्तिमा तीन पटक बस्नेछ । संयोजकले अध्यक्षहरूको सल्लाह र सहमतिमा विशेष बैठक बोलाउन सक्नेछ ।

**७. बैठकको गणपूरक संख्या:** (१) मुस्ताङ जिल्ला स्थानीय समन्वय परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम गणपूरक संख्या नपुगेमा संयोजकले भोलिपल्टको लागि अर्को बैठक आह्वान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम आह्वान गरेको बैठकमा गणपूरक संख्या नपुगेमा पन्ध्र दिनभित्र बैठक बस्नेगरी दफा ६ बमोजिम पुनः बैठक आह्वान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनः आह्वान गर्दा पनि गणपूरक संख्या नपुगेमा कम्तिमा चालीस प्रतिशत सदस्यहरूको उपस्थितिमा बैठक बस्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखे तापनी बैठक बस्दा प्रत्येक गाउँपालिकाको कम्तिमा एक जना सदस्य अनिवार्य उपस्थित हुनुपर्नेछ । अन्यथा बैठकको गणपूरक संख्या नपुगेको मानिनेछ ।

**८. बैठकको सञ्चालन कार्यविधिः** (१) संयोजकको अनुमतिले बैठकको सञ्चालन सचिवले गर्नेछ ।

(२) संयोजकले बैठकमा उपस्थित सदस्यहरू मध्येबाट आफूलाई उपयुक्त लागेको कुनै सदस्यलाई बैठकको कुनै सत्रको संयोजकत्व गर्न दिन वा बैठकमा निर्णयार्थ विषयहरू प्रस्तुत गर्न दिन सक्नेछ ।

९. बैठकको सञ्चालन र स्थगतः (१) संयोजकले सबै सदस्यको सल्लाहमा बैठकको कार्यवोझलाई ध्यानमा राखी बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) बैठक संयोजकले निर्धारण गरेको समय तालीका बमोजिम सञ्चालन हुनेछ ।

(३) संयोजकले प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ ।

**१०. मर्यादित संबोधनः** कुनै सदस्यले बैठकमा पेश गरेको वा राखेको प्रस्तावमा कुनै आपत्तिजनक, व्यंग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा संयोजकले त्यस्ता विषय संशोधन गर्न वा गराउन एवम् बैठकको माइन्यूटबाट त्यस्ता शब्द वा वाक्यांश हटाउने आदेश दिन सक्नेछन् ।

**११. बैठकमा बोल्ने क्रमः** (१) बैठकमा छलफलमा बोल्ने क्रम देहाय बमोजिम हुनेछः-

(क) बैठकमा सदस्यहरूले बोल्ने क्रम संयोजकले तय गर्नेछ ।

(ख) बैठकमा भाग लिएका सदस्यले संयोजकले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमको सदस्यले बोल्नु पर्नेछ ।

(ग) बैठकमा कुनै प्रस्ताव पेश गर्ने सदस्यले जवाफ दिनको लागि छलफलको अन्त्यमा बोल्न पाउनेछ र सो प्रस्तावकले जवाफ दिई सकेपछि संयोजकले अनुमति दिए पछि मात्र बोल्नु पर्नेछ ।

**१२. स्पष्ट पार्न माग गर्न सकिनेः** (१) बैठकमा छलफल चलिरहेको समयमा सम्बन्धित विषयमा कुनै सदस्यले कुनै कुरा स्पष्ट पार्न माग गर्न संयोजक मार्फत् अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी संयोजकको अनुमति लिई कुनै सदस्यले जानकारीको लागि आफूसँग सम्बन्धित अन्य विषय स्पष्ट पार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्ट जानकारी दिँदा कुनै विवादास्पद विषय उठाउन पाइने छैन र त्यस्तो जानकारी माथि कुनै छलफल गर्न पाइने छैन ।

**१३. निर्णयको अभिलेख राख्नेः** (१) स्थानीय समन्वय परिषद्को बैठक र यसको निर्णय तथा काम कारवाहीको अभिलेख परिषद्को सचिवले र स्थानीय निर्देशक समितिको अभिलेख सो समितिको प्रमुखले सुरक्षित राख्नु पर्नेछ ।

(२) निर्णयका सक्कल प्रतिहरू सचिव र प्रमुखले सुरक्षित राखी तत्काल पछि बन्ने सचिव र प्रमुखलाई हस्ताण्तरण गर्नु पर्नेछ ।

(३) निर्णयका प्रमाणित प्रतिहरू प्रत्येक गाउँपालिका पठाउने जिम्मेवारी समेत सचिव र प्रमुखको हुनेछ ।

**१४. निर्णय प्रमाणिकरणः** (१) स्थानीय समन्वय परिषद्को बैठकको निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

(२) स्थानीय निर्देशक समितिको बैठकको निर्णय प्रमुखले प्रमाणिकरण गर्नेछ ।

**१५. खर्च व्यवस्थापनः** (१) स्थानीय समन्वय परिषद् तथा स्थानीय निर्देशक समितिका बैठकहरूको खर्च आयोजक गाउँपालिकाले व्यवस्थापन गर्नेछ ।

(२) आयोजक गाउँपालिकाले परिषद/समितिका सदस्यहरूको लागि बैठक स्थलमा खाना तथा वस्नको व्यवस्था मिलाउनेछ ।

(३) आयोजक गाउँपालिकाले खर्च बेहोर्नुपर्ने व्यक्तिहरूमा परिषद/समितिका सबै सदस्यहरू, सदस्यहरूका निजी सचिवहरू र सदस्यका सवारी चालकहरू पर्नेछन् ।

(४) उपदफा (३) बाहेकका अन्य व्यक्तिहरूको खर्च व्यवस्थापन गर्न आयोजक गाउँपालिका वाह्य हुने छैन ।

**१६. बैठकमा आमन्त्रण गर्न सकिनेः** (१) स्थानीय समन्वय परिषद् तथा निर्देशक समितिका बैठकहरूमा आयोजक गाउँपालिकाले आवश्यकता अनुसार जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी एवम् आफ्नै गाउँ सभाका सदस्यहरू तथा कर्मचारीहरूलाई आवश्यकता अनुसार आमन्त्रित सदस्य तथा सहयोगी कर्मचारीहरूका रूपमा आमन्त्रण गर्न सक्नेछ ।

(२) आमन्त्रित सदस्य तथा सहयोगी कर्मचारीहरूको लागि अन्य व्यवस्था संयोजकले तोके बमोजिम हुनेछ ।

**१७. बैठकमा छलफल गर्न नपाइने विषयहरू:** (१) देहायका विषयमा स्थानीय समन्वय परिषद् तथा स्थानीय निर्देशक समितिका बैठकहरूमा छलफल गर्न पाइने छैन ।

(क) नेपालको संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय ।

(ख) कानूनतः गोप्य रहने विषय ।

(ग) कुनै विषय प्रकाशन गर्दा राष्ट्रिय हीत विपरित हुने कार्य ।

(घ) कार्यपालिकाको कुनै निर्णयको आलोचना गरिएका विषय ।

(ङ) गाउँ सभाको छलफलबाट स्पष्ट भइसकेको विषय ।

(च) सङ्घीय र प्रदेश सभामा छलफलमा रहेका विषय ।

(छ) कुनै अदालतमा विचाराधिन विषय ।

(ज) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने विषय ।

(झ) विभिन्न जातजाति, सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष खलल पार्ने विषय ।

(ञ) वैयक्तिक गोपनियताका विषय ।

(ट) गाउँपालिकाहरू बीच विद्वेष उत्पन्न हुने विषय ।

**१८. आचार संहिता:** (१) स्थानीय समन्वय परिषद् तथा निर्देशक समितिका सदस्यहरूले ती बैठकहरू सञ्चालन गर्नको लागि आचार संहिता बनाउन सक्नेछन् ।

(२) बैठकका पदाधिकारी वा सदस्यहरूले नेपालको संविधान तथा कानून बमोजिको उत्तरदायित्व पूरा गर्ने तथा निजहरूको काम कारवाहीमा सार्वजनिक विश्वास कायम गर्न बैठकबाट स्वीकृत आचार संहिता पालना गर्नु पर्नेछ ।

**१९. शान्ति सुरक्षा सुव्यवस्था कायम राख्ने:** स्थानीय समन्वय परिषद् तथा निर्देशक समितिका बैठक अवधिभर बैठकको सुरक्षार्थ संयोजक तथा प्रमुखले सुरक्षा निकायको सहयोग अनुरोध गरेमा अविलम्ब सुरक्षा उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

-0-